# पूर्वानुमानमा आधारित पूर्वकार्य राष्ट्रिय कार्यढाँचा

## २०८३

नेपाल सरकार

गृह मन्त्रालय

## राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सिंहदरबार, काठमाडौं

प्रमाणित प्रतिलिपि

# विषयसूची


१. भूमिका ........ १

२. उद्देश्य ........ १

३. कार्यक्षेत्र ........ २

४. मौजुदा नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था ........ २

४.१. पूर्वानुमानमा आधारित पूर्वकार्यसँग सम्बन्धित मौजुदा नीतिगत र कानूनी व्यवस्था ........ २

४.२. पूर्वानुमानमा आधारित पूर्वकार्य सम्बन्धी संस्थागत व्यवस्था ........ ३

५. पूर्वानुमानमा आधारित पूर्वसूचना वा पूर्वचेतावनीको संप्रेषण ........ ४

६. पूर्वानुमानमा आधारित पूर्वकार्य ........ ६

७. वित्त व्यवस्थापन, अनुगमन र मूल्याङ्कन ........ १३

८. कार्यढाँचा कार्यान्वयनको मार्गचित्र ........ १४

९. विविध ........ २०

## १. भूमिका

१.१. नेपाल भौगोलिक, वातावरणीय र सामाजिक दृष्टिले बहुप्रकोपको उच्च जोखिममा रहेको मुलुक हो। बाढी, पहिरो, आगलागी, सुक्खा, खडेरी, तातो हावाको लहर (लू), शीतलहर, महामारी र भूकम्प यहाँको विपद्का मुख्य कारक हुन्। प्रविधिको विकाससँगै जल तथा मौसमजन्य प्रकोपको पूर्वानुमान गर्न सकिन्छ। वैज्ञानिक तथ्यमा आधारित पूर्वानुमान क्षमतामा उल्लेख्य अभिवृद्धि भएसँगै जल तथा मौसम विज्ञान विभागले मौसम पूर्वानुमान प्रणाली सुरु गरी संभावित क्षतिको न्यूनीकरण गर्न सकिने कुरा पुष्टि गरेको छ।

१.२. विज्ञान र प्रविधिको विकाससँगै तथ्यमा आधारित पूर्वानुमान, जोखिम विश्लेषण र मानवीय सहायता प्रणालीमा विकास हुँदै आएको छ। परम्परागत प्रतिकार्य केन्द्रीत विपद् व्यवस्थापनको रणनीतिबाट जोखिमको ज्ञान, परिस्थितिको विश्लेषण, विपद्को पूर्वतयारी र पूर्वकार्यमा आधारित विपद् व्यवस्थापन प्रणालीमा रूपान्तरण हुन थालेको छ। विपद् जोखिम न्यूनीकरण, जलवायु अनुकूलन र उत्थानशीलता अभिवृद्धि गर्नका लागि पूर्वानुमानमा आधारित पूर्वकार्यले महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ।

१.३. जलवायु परिवर्तनको प्रभाव र दिनानुदिन बढ्दो बाढी, पहिरो, अत्यधिक गर्मी, सुक्खा, खडेरी, तातो हावाको लहर (लू), शीतलहर, महामारी, वायु प्रदूषण लगायतका प्रकोप र तिनको विस्तारित प्रभाव समेतले हानी नोक्सानी र क्षतिको मात्रा बढिरहेको छ। पूर्वानुमानमा आधारित पूर्वकार्यको सुदृढीकरण मार्फत जीउधन र वातावरणको संरक्षण गर्न र आसन्न विपद्को स्थितिमा पूर्वसूचना प्रणालीलाई विद्यमान संघीय शासन संरचना अनुसार बहुतह, अन्तर निकाय र विकास साझेदार समेतको सहकार्य र समन्वयका साथ पूर्वानुमानमा आधारित पूर्वकार्य गर्नका लागि पूर्वानुमानमा आधारित पूर्वकार्य राष्ट्रिय कार्यढाँचा, २०८३ जारी गर्न आवश्यक परेको हो।

## २. उद्देश्य

पूर्वानुमानमा आधारित पूर्वकार्यका लागि राष्ट्रिय कार्यढाँचा, २०८३ को समग्र उद्देश्य नेपालमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रणालीभित्र पूर्वानुमानमा आधारित पूर्वकार्यको दृष्टिकोण र प्रणालीलाई मूलप्रवाहीकरण गर्नु हो। यो कार्यढाँचाका निम्न उद्देश्यहरू रहेका छन्:

२.१. वैज्ञानिक तथ्य तथा संभावित प्रकोप र त्यसबाट उत्पन्न हुनसक्ने जोखिम विश्लेषणका साथ पूर्वानुमानका आधारमा विपद् घट्नुअघि नै प्रभावित हुनसक्ने समुदायको सहभागितामा पूर्वकार्य गरी विपद्को सम्भावित प्रभावलाई कम गर्नु।

प्रमाणित प्रतिलिपि

२.२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रणालीभित्र पूर्वानुमानमा आधारित पूर्वकार्यका काम, कारवाहीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि नीतिगत,संस्थागत र कार्यसञ्चालनका विविध पक्षहरूमा स्पष्टता प्रदान गर्नु।

२.३. संघ, प्रदेश र स्थानीय तहका विषयगत निकाय, सुरक्षा निकाय र मानवीय क्षेत्रमा क्रियाशील सरोकारवाला संघ संस्था र संयुक्त राष्ट्रसंघीय निकाय (यसपछि यस लिखतमा विकास साझेदार भनिएको छ) का बीच पूर्वानुमानमा आधारित पूर्वकार्यसम्बन्धी योजना निर्माण र कार्यान्वयनका लागि साझा अवधारणाको विकास गर्नु।

## ३. कार्यक्षेत्र

३.१. कार्यढाँचाले संघ, प्रदेश र स्थानीय तहका विषयगत निकाय र सुरक्षा निकायहरूको स्पष्ट जिम्मेवारी, स्रोतको समुचित व्यवस्थापन, सरकारी र गैरसरकारी तथा निजीक्षेत्रका बीच समन्वय र सहकार्यको कार्यप्रणाली सुदृढ गर्दै पूर्वकार्यलाई संस्थागत गर्न पूर्वानुमानमा आधारित पूर्वकार्यका लागि आवश्यक तीन मुख्य पक्षहरू (१) जोखिमको ज्ञान र सूचना, पूर्वानुमान तथा पूर्वसूचना वा पूर्वचेतावनी प्रणाली, (२) पूर्वकार्यका लागि कार्ययोजना र (३) पूर्वव्यवस्थित स्रोत साधनको विषयलाई समेटेको छ। उक्त तीनवटै पक्षलाई संघ, प्रदेश र स्थानीय तहका विषयगत निकाय, सुरक्षा निकाय, बीमा प्रदायक र विकास साझेदार समेतसँग समन्वय र सहकार्य गरी पूर्वानुमानमा आधारित पूर्वकार्यसम्बन्धी योजना निर्माण र कार्यान्वयन गरिनेछ।

३.२. यो कार्यढाँचा संघ,प्रदेश र स्थानीय सरकार,विकास साझेदार, नागरिक समाज र सामुदायिक संघ संस्था र स्वयंसेवक समेतले आ-आफ्नो कार्यक्षेत्रमा प्रयोग गर्ने, गराउने छन्।

३.३. यो कार्यढाँचा पूर्वानुमान गर्न सकिने जोखिमहरूमा विशेषतः बाढी,पहिरो, सुक्खा तथा खडेरी,अत्यधिक गर्मी, तातो हावाको लहर (लू), शीतलहर, आगलागी, महामारी, वायु प्रदूषणजस्ता जल तथा मौसमजन्य प्रकोपहरूमा लागू हुनेछ। साथै; अन्य पूर्वानुमानयोग्य जलवायु तथा गैर-जलवायुजन्य प्रकोपहरूलाई पनि समेटिनेछ।

## ४. मौजुदा नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था

### ४.१. पूर्वानुमानमा आधारित पूर्वकार्यसँग सम्बन्धित मौजुदा नीतिगत र कानूनी व्यवस्था

४.१.१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २ को खण्ड (त) मा "विपद् प्रतिकार्य" भन्नाले विपद्‌को घटना घट्नासाथ तत्कालै गरिने खोज उद्धार एवं राहतसँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ भन्ने प्रावधानले

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

प्रमाणित प्रतिलिपि

बिपद् प्रतिकार्य गर्नु अगाडीका पूर्वतयारीका लागि गरिने आवश्यक क्रियाकलाप गर्न मार्गप्रशस्त गरी विपद् पूर्वतयारीको उत्तरार्द्ध र विपद् प्रतिकार्य हुनु अगाडी वा बिपद् प्रतिकार्य हुँदै गर्दाको पूर्वार्द्धको चरणलाई समेत समेटेर पूर्वकार्य गर्न सकिने आधार प्रदान गरेको छ।

४.१.२. विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण सम्बन्धी मापदण्ड, २०८१ को दफा ५ को उपदफा (१) मा "विपद् जोखिमको पूर्वानुमान गर्ने सम्बन्धित निकायबाट प्रभावमा आधारित पूर्वसूचना वा पूर्वानुमान वा विशेष बुलेटिन जारी भएपश्चात प्राधिकरणद्वारा स्थापित सूचना जारी गर्ने विधि तथा प्रणाली बमोजिम त्यसबाट प्रभावित हुनसक्ने क्षेत्र र घर परिवारको नक्साङ्कन तथा मूल्याङ्कन गरी प्राधिकरणले उच्च जोखिमको पूर्वचेतावनी (एड्भाइजरी) जारी गर्नुपर्ने छ र जोखिम पूर्वानुमान तथा प्रभावमा आधारित नगद सहायता परिचालन गर्नुपर्ने अवस्था देखिएमा कार्यकारी समितिको निर्णयबाट प्राधिकरणले सो को सूचना जारी गर्नेछ" भन्ने प्रावधानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न, गराउनका लागि पूर्वानुमानमा आधारित पूर्वकार्य सञ्चालन राष्ट्रिय कार्यढाँचाको तर्जुमा गर्न आवश्यक देखिएको हो।

४.१.३. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ८ मा कार्यकारी समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। उक्त काम, कर्तव्य र अधिकारको सूचीमा (१) खण्ड (ढ) मा "उच्च संकटमा रहेका समुदायको पहिचान गरी जोखिम न्यूनीकरण गर्ने, गराउने" (२) खण्ड (ण) मा "राष्ट्रिय पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने" (३) खण्ड (त) मा "विपद् प्रतिकार्यका लागि राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने" प्रावधान अनुरूप विपद् प्रतिकार्य अगाडी गर्नुपर्ने पूर्वकार्यको कामलाई व्यवस्थित र एकीकरण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न, गराउनका लागि सोही ऐनको दफा ४८ ले दिएको अधिकार प्रयोग गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिले पूर्वानुमानमा आधारित पूर्वकार्य राष्ट्रिय कार्यढाँचा, २०८३ जारी गरेको छ।

## ४.२. पूर्वानुमानमा आधारित पूर्वकार्य सम्बन्धी संस्थागत व्यवस्था

४.२.१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २ को खण्ड (थ) मा "विपद् व्यवस्थापन" भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभ सम्बन्धी सम्पूर्ण क्रियाकलाप सम्झनुपर्छ भन्ने प्रावधान रहेको, दफा ११ को उपदफा (१) को खण्ड (ख) मा प्राधिकरणले "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी केन्द्रीय स्रोत निकायको रूपमा कार्य गर्ने" प्रावधान रहेकोले पूर्वानुमानमा आधारित पूर्वकार्यसँग सम्बन्धित कार्यको नेतृत्व, समन्वय र संयोजन गर्ने कार्य राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले (यसपछि यस कार्यढाँचामा प्राधिकरण भनि उल्लेख गरिनेछ) गर्नेछ।

४.२.२. पूर्वानुमानमा आधारित पूर्वकार्य सञ्चालनका लागि प्राधिकरणले मौसम पूर्वानुमानका मामिलामा जल तथा मौसम विज्ञान विभाग, स्वास्थ्यका मामिलामा स्वास्थ्य सेवा विभाग, कृषि तथा पशुपन्छीका मामिलामा कृषि तथा पशुसेवा विभाग, सडक तथा आवागमनका मामिलामा सडक विभाग र नेपाल प्रहरी, बाढीका मामिलामा जलस्रोत तथा सिंचाइ विभाग र जल तथा मौसम विज्ञान विभाग, वायु प्रदूषणका मामिलामा वातावरण विभाग, पहिरोको मामिलामा खानी तथा भू-गर्भ विभाग र वन तथा भू-संरक्षण विभाग लगायत संघ, प्रदेश र स्थानीय तहका विषयगत निकाय, सुरक्षा निकाय, विकास साझेदार र स्वयंसेवक समेतको सहकार्य र समन्वयमा यो कार्यढाँचाको कार्यान्वयन गर्ने, गराउने छ।

## ५. पूर्वानुमानमा आधारित पूर्वसूचना वा पूर्वचेतावनीको संप्रेषण

५.१. जोखिमको नक्साङ्कन, आसन्न जोखिमको विश्लेषण, विज्ञान प्रविधिका आधारमा गरिएका अनुसन्धान र विश्लेषणबाट उपलब्ध तथ्य र तथ्याङ्क समेतका आधारमा आसन्न विपद्जन्य स्थितिको अग्रीम आकलन गरी घटना घट्नु अगावै सर्वसाधारणको हितको लागि जारी गरिने अग्रीम सूचनालाई पूर्वसूचना भनिन्छ। पूर्वसूचनाको गाम्भीर्यता अनुसार सर्वसाधारणले अनिवार्यरूपमा पालना गर्नुपर्ने गरी जारी गरिने अग्रीम सूचनालाई पूर्वचेतावनी भनिन्छ।

५.२. प्रकोप वा विपद्को पूर्वावस्था, संभावित प्रभाव वा सामान्यस्तरबाट चरम अवस्थामा पुग्नु अघिको संभावित अवस्था वा सुरूवाती चरण वा आंशिकरूपमा देखापरेको विपद्को अवस्थामा त्यस किसिमको प्रकोप वा विपद्को रोकथाम, नियन्त्रण, बचाउ र विस्तार हुन नदिने लगायतका आवश्यक पूर्वकार्य गर्नका लागि देहाय बमोजिमका विषयमा देहायका पदाधिकारीको निर्णय, आदेश वा सूचनाका माध्यमबाट सरोकारवाला निकाय, विकास साझेदार र सर्वसाधारणको जानकारी, सजगता र कार्यान्वयनका लागि पूर्वसूचना वा पूर्वचेतावनी जारी गरिनेछ।

| पूर्वसूचना वा चेतावनीका विषय | निर्णयाधिकारी | सूचना संप्रेषण गर्ने निकाय | सूचना संप्रेषणको काममा सहयोग गर्ने निकाय |
|---|---|---|---|
| अतिभारी वर्षाको संभावनाका कारण बाढी, पहिरो, डुबानको जोखिम र आवागमनमा प्रत्यक्षरूपमा पर्नसक्ने असरका विषय | जल तथा मौसम विज्ञान विभागबाट उपलब्ध सूचना वा जानकारीको लेखाजोखा गरी प्राधिकरणले आवश्यक निर्णय गर्नेछ। | जल तथा मौसम विज्ञान विभाग, प्राधिकरण, सुरक्षा निकाय, प्रदेश सरकार, स्थानीय तह र सञ्चार माध्यम | बाढी, पहिरो, डुबानसँग सम्बन्धित काम हेर्ने संघ, प्रदेश र स्थानीय तहका सम्बद्ध निकाय र विकास साझेदार |

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

प्रमाणित प्रतिलिपि

| पूर्वसूचना वा चेतावनीका विषय | निर्णयाधिकारी | सूचना संप्रेषण गर्ने निकाय | सूचना संप्रेषणको काममा सहयोग गर्ने निकाय |
|---|---|---|---|
| अत्यधिक गर्मी, तातो हावाको लहर, शीतलहर र भारी हिमपातको संभावनाका कारण प्रभावित हुनसक्ने क्षेत्र र समुदायको विषय | जल तथा मौसम विज्ञान विभाग र स्वास्थ्य सेवा विभागबाट उपलब्ध सूचना वा जानकारीको लेखाजोखा गरी प्राधिकरणले आवश्यक निर्णय गर्नेछ। | जल तथा मौसम विज्ञान विभाग, प्राधिकरण, सुरक्षा निकाय, प्रदेश सरकार, स्थानीय तह र सञ्चार माध्यम | अत्यधिक गर्मी, तातो हावाको लहर, शीतलहर र भारी हिमपातसँग सम्बन्धित काम हेर्ने संघ, प्रदेश र स्थानीय तहका सम्बद्ध निकाय र विकास साझेदार |
| सुक्खा वा खडेरीका कारण हुनसक्ने भोकमरी र प्रतिकूल जनजीवनको विषय | जल तथा मौसम विज्ञान विभाग, स्वास्थ्य सेवा विभाग र कृषि विभाग, पशुसेवा विभागबाट उपलब्ध सूचना वा जानकारीको लेखाजोखा प्राधिकरणले आवश्यक निर्णय गर्नेछ। | कृषि सेवा विभाग, प्राधिकरण, विषयगत निकाय, सुरक्षा निकाय, प्रदेश सरकार, स्थानीय तह र सञ्चार माध्यम | सुक्खा वा खडेरीसँग सम्बन्धित काम हेर्ने संघ, प्रदेश र स्थानीय तहका सम्बद्ध निकाय र विकास साझेदार |
| वन डढेलो र यसबाट मानव बस्तिमा हुने आगलागीको जोखिमको विषय | वन डढेलोको हकमा वन तथा भू-संरक्षण विभागबाट उपलब्ध सूचना वा जानकारीको लेखाजोखा गरी प्राधिकरणले आवश्यक निर्णय गर्नेछ। | वन तथा भू-संरक्षण विभाग, प्राधिकरण, विषयगत निकाय, सुरक्षा निकाय, प्रदेश सरकार, स्थानीय तह र सञ्चार माध्यम | वन डढेलो र यसबाट मानव बस्तिमा हुने आगलागीको जोखिमसँग सम्बन्धित काम हेर्ने संघ, प्रदेश र स्थानीय तहका सम्बद्ध निकाय र विकास साझेदार |
| महामारीको विषय | स्वास्थ्य सेवा विभागबाट उपलब्ध सूचना वा जानकारीको लेखाजोखा गरी प्राधिकरणले आवश्यक निर्णय गर्नेछ। | स्वास्थ्य सेवा विभाग, प्राधिकरण, सुरक्षा निकाय, प्रदेश सरकार, स्थानीय तह र सञ्चार माध्यम | महामारीसँग सम्बन्धित काम हेर्ने संघ, प्रदेश र स्थानीय तहका सम्बद्ध निकाय र विकास साझेदार |
| वायु प्रदूषणका कारण हुनसक्ने प्रतिकूल जनजीवनको विषय | वातावरण विभाग र स्वास्थ्य सेवा विभागबाट उपलब्ध सूचना वा | वातावरण विभाग, प्राधिकरण, विषयगत निकाय, सुरक्षा | वायु प्रदूषणसँग सम्बन्धित काम हेर्ने संघ, प्रदेश र स्थानीय |



प्रमाणित प्रतिलिपि

| पूर्वसूचना वा चेतावनीका विषय | निर्णयाधिकारी | सूचना संप्रेषण गर्ने निकाय | सूचना संप्रेषणको काममा सहयोग गर्ने निकाय |
|---|---|---|---|
| | जानकारीको लेखाजोखा गरी प्राधिकरणले आवश्यक निर्णय गर्नेछ। | निकाय, प्रदेश सरकार, स्थानीय तह र सञ्चार माध्यम | तहका सम्बद्ध निकाय र विकास साझेदार |

५.३. संभावित प्रकोप वा विपद्को जोखिम विश्लेषणका आधारमा लक्षित समुदाय, क्षेत्र, गतिविधि र कार्यको लागि समयसीमा र क्षेत्रफल तोकेर पूर्वसूचना वा पूर्वचेतावनी जारी गरिनेछ। यस्तो सूचना वा चेतावनी सरल बुझिने नेपाली भाषा वा संभव भएसम्म स्थानीय भाषा र संकेतमा समेत सर्वसाधारणको सहज र प्रभावकारी पहुँच हुने समय र माध्यमको अनुकूलता अनुरूप जारी गरिनेछ। उक्त सूचना वा चेतावनी माथि बुँदा नं. ५.२. मा तोकिएका पदाधिकारीको निर्णय, आदेश वा सूचनाका आधारमा सम्बन्धित प्रदेश सरकार र स्थानीय तहबाट आ-आफ्नो कार्यक्षेत्रमा यथासम्भव छिटो उपलब्ध हुने सञ्चार माध्यमबाट सर्वसाधारणले सजिलोसँग बुझ्नसक्ने भाषा तथा संकेतमा समेत संप्रेषण गरिनेछ।

५.४. माथि बुँदा नं. ५.२. मा तोकिएका पदाधिकारीले बुँदा नं. ५.३. बमोजिम जारी गरेका पूर्वसूचना वा चेतावनीका विषयमा पूर्वसूचनाको विद्यमान स्थिति, जोखिमको गाम्भीर्यता र परिवर्तित अवस्था अनुरूप संभावित असर समेतको ख्याल गरी समय समयमा समीक्षा गर्ने, सरोकारवाला निकाय, संघ संस्था र लक्षित समुदायलाई जानकारी गराउने र स्थिति सामान्यीकरण हुँदै गरेको वा भएपछि सो को छिटो साधनद्वारा जानकारी संप्रेषण गर्नु पर्नेछ।

५.५. प्राधिकरणको नेतृत्व र संयोजनमा मौसम पूर्वानुमानका मामिलामा जल तथा मौसम विज्ञान विभाग, स्वास्थ्यका मामिलामा स्वास्थ्य सेवा विभाग, कृषि तथा पशुपन्छीका मामिलामा कृषि विभाग,पशुसेवा विभाग, सडक तथा आवागमनका मामिलामा सडक विभाग र नेपाल प्रहरी, बाढीका मामिलामा जलस्रोत तथा सिंचाइ विभाग र जल तथा मौसम विज्ञान विभाग, वायु प्रदूषणका मामिलामा वातावरण विभाग, पहिरोको मामिलामा खानी तथा भू-गर्भ विभाग र वन तथा भू-संरक्षण विभाग लगायत संघ, प्रदेश र स्थानीय तहका विषयगत निकाय र विकास साझेदार समेतको सहकार्य र समन्वयमा पूर्वानुमानमा आधारित पूर्वसूचनाको औचित्यया, उपयोगिता र प्रभावकारिताको नियमितरूपमा अध्ययन विश्लेषण गरिनेछ। यस्ता पूर्वानुमानमा आधारित पूर्वसूचनाको आधारमा भए गरेका काम कारवाही र सिकाइका विषयवस्तुको अभिलेख विषयगत निकाय (विभाग) र प्राधिकरणमा राखिनेछ।

## ६. पूर्वानुमानमा आधारित पूर्वकार्य

६.१. परिच्छेद-५ बमोजिम जारी गरिएका पूर्वसूचना वा चेतावनीका आधारमा पूर्वनिर्धारित कार्यहरू अग्रीम सकृयताका साथ घटना घट्नुपूर्व वा विपद्को स्थिति उत्पन्न हुनु अघि नै गरिने पूर्वकार्यलाई पूर्वानुमानमा

नेपाल सरकार
गृह मन्त्रालय
सिंहदरबार,

प्रमाणित प्रतिलिपि

आधारित पूर्वकार्य भनिन्छ। यस किसिमको पूर्वकार्यले भौगोलिक अवस्थिति, जनसंख्याको अवस्था, उपलब्ध पूर्वाधार र सार्वजनिक सेवा सुविधाको अवस्था र संभावित वा आसन्न जोखिमको स्थितिमा पूर्वानुमान प्रणालीमार्फत संकटासन्न क्षेत्रका व्यक्तिको जीउधन, वातावरण र सार्वजनिक पूर्वाधार तथा अत्यावश्यक सेवामा पर्ने सम्भावित क्षतिलाई न्यूनीकरण गर्न मद्दत पुग्दछ।

६.२. यो कार्यढाँचाको माथि बुँदा नं ५.२. मा तोकिएका पदाधिकारीबाट पूर्वसूचना वा चेतावनी जारी भएपछि पूर्वकार्यका लागि तोकिएका निकायले माथि बुँदा नं. ६.१. मा उल्लेखित अवस्थालाई मध्येनजर गरी तल बुँदा नं. ६.४. मा तोकिए बमोजिम संघ, प्रदेश र स्थानीय तहका सम्बन्धित निकाय, सुरक्षा निकाय र विकास साझेदार समेतले आफूलाई तोकिएको पूर्वकार्यको जिम्मेबारीको हदसम्मको काम कारबाही गर्नका लागि आ-आफ्नो स्थानबाट स्वतः परिचालित हुनु पर्नेछ।

६.३. पूर्वानुमानमा आधारित पूर्वकार्यका लागि माथि परिच्छेद-५ बमोजिम पूर्वसूचना वा चेतावनी जारी गरेको अवस्थामा तपसिलमा उल्लेखित समय सीमाभित्र देहाय बमोजिमका कामका लागि देहायमा उल्लेखित निकाय र तहले देहाय बमोजिमका पूर्वकार्य गर्नु, गराउनु पर्नेछ। सो को लागि देहायमा उल्लेखित सहयोगी निकाय तथा समन्वय र सहकार्य गर्ने समिति, तह र निकायले आ-आफ्नो स्थानबाट सहयोग, समन्वय र सहकार्य गर्नेछन्।

| समयसीमा | पूर्वकार्यको विवरण | पूर्वकार्य गर्ने निकाय/तह | स्रोत व्यवस्थापन | सहयोगी निकाय | समन्वय र सहकार्य |
|---|---|---|---|---|---|
| **१. अतिभारी वर्षाको संभावना वा घटनाका कारण उत्पन्न बाढी, पहिरो, डुबानको संकटासन्न अवस्थामा रहेका वा बसोबास गरेका क्षेत्रमा देहाय बमोजिमका पूर्वकार्य गर्ने।** | | | | | |
| ४८ घण्टा अगाडी | बाढी, पहिरो, डुबानको संकटासन्न अवस्थामा रहेकालाई सुरक्षित स्थानमा सर्नको लागि सजग गर्ने। | स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय | स्थानीय विपद् व्यवस्थापन कोष, जिल्ला विपद् व्यवस्थापन कोष | प्राधिकरण, संघका विषयगत निकाय, प्रदेश सरकार, विकास साझेदार, निजीक्षेत्र | संघ, प्रदेश र स्थानीय तहका समिति र निकायहरू |
| २४ घण्टा अगाडी | बाढी, पहिरो, डुबानको संकटासन्न अवस्थामा रहेका बाँकी मानिसलाई सुरक्षित स्थानमा सार्ने। | स्थानीय तह, सुरक्षा निकाय, जिल्ला विपद् व्यवस्थापन समिति | जिल्ला विपद् व्यवस्थापन कोष, स्थानीय विपद् व्यवस्थापन कोष | प्राधिकरण, संघका विषयगत निकाय, प्रदेश सरकार, विकास साझेदार, निजीक्षेत्र | संघ, प्रदेश र स्थानीय तहका समिति र निकायहरू |
| सुरक्षित स्थानमा सारी सकेपछि अत्यावश्यक खाद्यान्न र सुरक्षाको व्यवस्था गर्ने। | १- विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड बमोजिम प्रतिव्यक्ति प्रतिदिन राहत वितरण गर्ने।<br>२- सुरक्षित स्थानमा राखिएका व्यक्तिको सुरक्षा प्रबन्ध गर्ने। | स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति<br>नेपाल प्रहरी | स्थानीय विपद् व्यवस्थापन कोष, जिल्ला विपद् व्यवस्थापन कोष<br>नेपाल प्रहरी | सुरक्षा निकाय, प्राधिकरण, संघका विषयगत निकाय, प्रदेश सरकार, विकास साझेदार, निजीक्षेत्र<br>स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, रेडक्रस र संघ, संस्था | संघ, प्रदेश र स्थानीय तहका समिति र निकायहरू<br>संघ, प्रदेश र स्थानीय तहका समिति र निकायहरू |



प्रमाणित प्रतिलिपि

| | | | | | |
|---|---|---|---|---|---|
| आवश्यकता अनुसार गर्ने। | असुरक्षित ठानिएका क्षेत्रको सार्वजनिक आवागमनमा रोक लगाउने। | प्राधिकरण, स्थानीय प्रशासन र सुरक्षा निकाय | प्राधिकरण, स्थानीय प्रशासन र सुरक्षा निकायको नियमित बजेट | प्राधिकरण, संघका विषयगत निकाय, प्रदेश सरकार, विकास साझेदार, निजीक्षेत्र | संघ, प्रदेश र स्थानीय तहका समिति र निकायहरू |
| **२. शीतलहर र भारी हिमपातको संभावनाका कारण प्रभावित हुनसक्ने क्षेत्र, समुदाय, स्थानमा देहाय बमोजिमका पूर्वकार्य गर्ने।** | | | | | |
| ४८ घण्टा अगाडी | शीतलहर र भारी हिमपातको संभावनाका कारण संकटासन्न अवस्थामा रहेकालाई सुरक्षित स्थानमा सर्नको लागि आह्वान गर्ने। | स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय | स्थानीय विपद् व्यवस्थापन कोष, जिल्ला विपद् व्यवस्थापन कोष | प्राधिकरण, संघका विषयगत निकाय, प्रदेश सरकार, विकास साझेदार, निजीक्षेत्र | संघ, प्रदेश र स्थानीय तहका समिति र निकायहरू |
| २४ घण्टा अगाडी | शीतलहर र भारी हिमपातको संभावनाका कारण संकटासन्न अवस्थामा रहेकालाई सुरक्षित स्थानमा सार्ने। | स्थानीय तह, सुरक्षा निकाय, जिल्ला विपद् व्यवस्थापन समिति | जिल्ला विपद् व्यवस्थापन कोष, स्थानीय विपद् व्यवस्थापन कोष | प्राधिकरण, संघका विषयगत निकाय, प्रदेश सरकार, विकास साझेदार, निजीक्षेत्र | संघ, प्रदेश र स्थानीय तहका समिति र निकायहरू |
| सुरक्षित स्थानमा सारी सकेपछि आश्रयस्थल, खाद्यान्न, बसोबास, न्यानो कपडा र सुरक्षाको व्यवस्था गर्ने। | १- विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड बमोजिम प्रतिव्यक्ति प्रतिदिन राहत वितरण गर्ने।<br>२- न्यानो कपडा वितरण गर्ने।<br>३- सुरक्षित स्थानमा राखिएका व्यक्तिको सुरक्षा प्रबन्ध गर्ने। | स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, रेडक्रस र संघसंस्था<br><br>नेपाल प्रहरी | स्थानीय विपद् व्यवस्थापन कोष, जिल्ला विपद् व्यवस्थापन कोष<br>स्थानीय विपद् व्यवस्थापन कोष, जिल्ला विपद् व्यवस्थापन कोष<br>नेपाल प्रहरी | सुरक्षा निकाय, प्राधिकरण, संघका विषयगत निकाय, प्रदेश सरकार, विकास साझेदार, निजीक्षेत्र<br>स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, रेडक्रस र संघ संस्था | संघ, प्रदेश र स्थानीय तहका समिति र निकायहरू<br><br>संघ, प्रदेश र स्थानीय तहका समिति र निकायहरू |

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

प्रमाणित प्रतिलिपि

| | | | | | |
|---|---|---|---|---|---|
| आवश्यकता अनुसार गर्ने। | असुरक्षित ठानिएका क्षेत्रको आवागमन, पर्यटन-पदमार्ग र पर्वतारोहणमा रोक लगाउने। | प्राधिकरण, स्थानीय प्रशासन र सुरक्षा निकाय | प्राधिकरण, स्थानीय प्रशासन र सुरक्षा निकायको नियमित बजेट | संघका विषयगत निकाय, प्रदेश सरकार र विकास साझेदार | संघ, प्रदेश र स्थानीय तहका समिति र निकायहरू |
| **३. अत्यधिक गर्मी, तातो हावाको लहर (लू) का कारण प्रभावित हुनसक्ने क्षेत्र, समुदाय, स्थानमा देहाय बमोजिमका पूर्वकार्य गर्ने।** | | | | | |
| २४ घण्टा अगाडी | संकटासन्न अवस्थामा रहेकालाई सुरक्षित उपायको अवलम्बन गर्नको लागि आह्वान गर्ने। | स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय | स्थानीय विपद् व्यवस्थापन कोष, जिल्ला विपद् व्यवस्थापन कोष | प्राधिकरण, संघका विषयगत निकाय, प्रदेश सरकार, विकास साझेदार, निजीक्षेत्र | संघ, प्रदेश र स्थानीय तहका समिति र निकायहरू |
| चिसो तुल्याउने सामग्रीको वितरण गर्ने। | विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड बमोजिम प्रतिव्यक्ति प्रतिदिन राहत वितरण गर्ने। | स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति | स्थानीय विपद् व्यवस्थापन कोष, जिल्ला विपद् व्यवस्थापन कोष | सुरक्षा निकाय, प्राधिकरण, संघका विषयगत निकाय, प्रदेश सरकार, विकास साझेदार, निजीक्षेत्र | संघ, प्रदेश र स्थानीय तहका समिति र निकायहरू |
| **४. सुक्खा वा खडेरीका कारण हुनसक्ने भोकमरी र प्रतिकूल स्थिति वा जनजीवनको अवस्थामा देहाय बमोजिमका पूर्वकार्य गर्ने।** | | | | | |
| ७ दिन अगाडी | संकटासन्न अवस्थामा रहेकाहरूको लागि चिसो तुल्याउने मालवस्तु वा कपडा वितरण गर्ने। | स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, रेडक्रस र संघ संस्था | स्थानीय विपद् व्यवस्थापन कोष, जिल्ला विपद् व्यवस्थापन कोष | प्राधिकरण, संघका विषयगत निकाय, प्रदेश सरकार, विकास साझेदार, निजीक्षेत्र | संघ, प्रदेश र स्थानीय तहका समिति, निकाय र निजीक्षेत्र |
| खाद्यान्न वितरण गर्ने। | विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड बमोजिम प्रतिव्यक्ति प्रतिदिन राहत वितरण गर्ने। | स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति | स्थानीय विपद् व्यवस्थापन कोष, जिल्ला विपद् व्यवस्थापन कोष | सुरक्षा निकाय, प्राधिकरण, संघका विषयगत निकाय, प्रदेश सरकार, विकास साझेदार, निजीक्षेत्र | संघ, प्रदेश र स्थानीय तहका समिति र निकायहरू |
| **५. वन डढेलो र मानव बस्तिमा आगलागीका कारण हुनसक्ने प्रतिकूल स्थिति वा जनजीवनको अवस्थामा देहाय बमोजिमका पूर्वकार्य गर्ने।** | | | | | |

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं



प्रमाणित प्रतिलिपि

| | | | | | |
|---|---|---|---|---|---|
| खाद्यान्न, शीतल बनाउने मालवस्तु वा कपडा वितरण गर्ने। | संकटासन्न अवस्थामा रहेकाहरूको लागि आश्रयस्थल, खाद्यान्न, शीतल बनाउने मालवस्तु वा कपडा वितरण गर्ने। | स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, रेडक्रस र संघ संस्था | स्थानीय विपद् व्यवस्थापन कोष, जिल्ला विपद् व्यवस्थापन कोष | प्राधिकरण, संघका विषयगत निकाय, प्रदेश सरकार, विकास साझेदार, निजीक्षेत्र | संघ, प्रदेश र स्थानीय तहका समिति, निकाय र निजीक्षेत्र |
| खाद्यान्न वितरण गर्ने | विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड बमोजिम प्रतिव्यक्ति प्रतिदिन राहत वितरण गर्ने। | स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति | स्थानीय विपद् व्यवस्थापन कोष, जिल्ला विपद् व्यवस्थापन कोष | सुरक्षा निकाय, प्राधिकरण, संघका विषयगत निकाय, प्रदेश सरकार, विकास साझेदार, निजीक्षेत्र | संघ, प्रदेश र स्थानीय तहका समिति र निकायहरू |
| **६. महामारीको समयमा हुनसक्ने प्रतिकूल स्थिति र जनजीवनको अवस्थामा देहाय बमोजिमका पूर्वकार्य गर्ने।** | | | | | |
| आवश्यकता अनुसार गर्ने। | आश्रयस्थल, खाद्यान्न, शीतल बनाउने मालवस्तु वा कपडा र सुरक्षाको व्यवस्था गर्ने। | स्थानीय तह, स्वास्थ्य सेवा विभाग | स्थानीय विपद् व्यवस्थापन कोष, जिल्ला विपद् व्यवस्थापन कोष | प्राधिकरण, संघका विषयगत निकाय, प्रदेश सरकार, विकास साझेदार, निजीक्षेत्र | संघ, प्रदेश र स्थानीय तहका समिति, निकाय र निजीक्षेत्र |
| **७. वायु प्रदूषणको कारण हुनसक्ने प्रतिकूल स्थिति र जनजीवनको अवस्थामा देहाय बमोजिमका पूर्वकार्य गर्ने।** | | | | | |
| आवश्यकता अनुसार गर्ने। | आश्रयस्थल, खाद्यान्न, शीतल बनाउने मालवस्तु वा कपडा र सुरक्षाको व्यवस्था गर्ने। | स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, रेडक्रस र संघ संस्था | स्थानीय विपद् व्यवस्थापन कोष, जिल्ला विपद् व्यवस्थापन कोष | प्राधिकरण, संघका विषयगत निकाय, सुरक्षा निकाय, प्रदेश सरकार, विकास साझेदार, निजीक्षेत्र | संघ, प्रदेश र स्थानीय तहका समिति, निकाय र निजीक्षेत्र |

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

प्रमाणित प्रतिलिपि

६.४. स्थानीय तहले बाढी, पहिरो, डुवान, शीतलहर, भारी हिमपात, अत्यधिक गर्मी, तातो हावाको लहर (लू), सुक्खा र खडेरीका कारण हुनसक्ने भोकमरी, वन डढेलो र मानव बस्तिमा हुने आगलागी, महामारी, वायु प्रदूषणको कारण अति संकटासन्न अवस्थामा रहेकालाई अग्रिम राहत स्वरूप नगद सहायता प्रदान गर्दा कार्यकारी समितिको निर्देशानुसार प्राधिकरणबाट नगद सहायता वितरणका लागि मार्गप्रशस्त गरेको अवस्थामा संकटासन्न अवस्थामा रहेकालाई विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ को प्रावधान बमोजिम स्थानीय विपद् व्यवस्थापन कोषबाट नगद सहायता प्रदान गर्न सक्नेछ।

६.५. माथि बुँदा नं. ६.३. मा उल्लेखित पूर्वकार्य गर्नका लागि सरकारका सम्बन्धित तह र निकायले अग्रिम बन्दोबस्ति वा भण्डारण वा खरीद सम्झौता जस्ता पूर्वतयारी र पूर्वभण्डारणका कार्य गर्नेछन्।

६.६. मानवीयक्षेत्रमा क्रियाशील विकास साझेदार तथा संघ संस्था र निकायहरूले संभावित विपद्को पूर्वकार्य सञ्चालन गर्नका लागि अग्रिम योजना, क्षमता विकास, बन्दोबस्ति, भण्डारण, खरीद सम्झौता जस्ता पूर्वतयारीका अग्रीम कार्य गर्न सक्नेछन्। विकास साझेदार तथा संघ संस्था र निकायहरूले माथि नं. ६.३. मा उल्लेखित पूर्वकार्य सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहसँगको समन्वयमा संकटासन्न अवस्थामा रहेकाहरूको लागि आवश्यक आश्रयस्थलको निर्माण तथा सञ्चालन गर्न, खाद्यान्न र गैर खाद्य सामग्रीको वितरण गर्न सक्नेछन्।

६.७. प्राधिकरणले पूर्वानुमानमा आधारित पूर्वकार्य सञ्चालन गर्दा गराउँदा संघ, प्रदेश र स्थानीय तहका विषयगत निकाय, प्राज्ञीक निकाय, संघ संस्था, विषय विज्ञ समेतको आवश्यक सहयोग लिन सक्नेछ। साथै; प्राधिकरणले बदलिंदो परिवेश, चलायमान अवस्था, अन्तरदेशीय, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा उपलब्ध सूचना, प्रविधि, उपकरण वा अन्य कुनै माध्यमबाट प्राप्त सूचनालाई निर्णय निर्माणको आधारका रूपमा ग्राह्यता दिन सक्नेछ।

६.८. पूर्वानुमानमा आधारित पूर्वकार्यको समयमा भए गरेका काम कारवाहीको विवरण प्राधिकरणले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिमा पेश गर्नेछ।

६.९. पूर्वानुमानमा आधारित पूर्वकार्य सञ्चालनका लागि तत्काल कुनै नीतिगत वा व्यवस्थापकीय निर्णय गर्नुपर्ने अवस्था आइपरेमा प्राधिकरणले विषयको गाम्भीर्यता र संवेदनशीलता हेरी कार्यकारी समिति वा गृह मन्त्रालय मार्फत नेपाल सरकार समक्ष उक्त विषयलाई प्रेषित गर्न सक्नेछ।

६.१०. पूर्वानुमानमा आधारित पूर्वकार्य सञ्चालनको क्रममा कहिकतै कोही नछुट्ने, कोही नदोहोरिने र प्रभावित क्षेत्रका महिला, बालबालिका, ज्येष्ठ नागरिक, सुत्केरी, गर्भवती, अपाङ्ग, दीर्घरोगीलाई विशेष ख्याल गर्नुपर्ने गरी सम्बन्धित स्थानीय विपद् व्यवस्थापन समिति मार्फत कार्यान्वयन गर्न गराउनका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले आवश्यक व्यवस्था गर्नेछ।

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

प्रमाणित प्रतिलिपि

## ७. वित्त व्यवस्थापन, अनुगमन र मूल्याङ्कन

७.१. पूर्वानुमानमा आधारित पूर्वकार्यका लागि चाहिने वित्त विपद् व्यवस्थापन कोष सञ्चालन सम्बन्धी प्रचलित ऐन, नियम, मापदण्ड, कार्यविधि समेतको प्रावधानका आधारमा सरकारी निकाय तथा मानवीयक्षेत्रमा क्रियाशील विकास साझेदार वा संघसंस्था र निकायका स्वीकृत कार्यक्रम बमोजिम व्यवस्था गरिनेछ।

७.२. पूर्वानुमानमा आधारित पूर्वकार्यका लागि जारी गरिएको पूर्वसूचनाको औचित्यता, वस्तुपरकता, लक्षित समुदायले ग्रहण गरे नगरेको अवस्था र कार्यान्वयनको प्रभावकारिताका सम्बन्धमा कार्यकारी समितिले अनुगमन तथा मूल्याङ्कन गर्न गराउनका लागि उप-समिति गठन गर्न वा प्राधिकरण वा अन्य कुनै निकायलाई तोक्न सक्नेछ।

७.३. पूर्वानुमानमा आधारित पूर्वकार्यको सञ्चालनबाट संभावित जोखिमको न्यूनीकरण भए नभएको, संकटासन्न अवस्थामा रहेका समुदायलाई समयमै सुरक्षित स्थानमा सारेर आवश्यक राहत तथा नगद सहायता वितरण भए नभएको, वितरण गरिएको राहत सामग्री र नगद सहायताको प्रभावकारिता के कस्तो रहेको लगायतका विषयमा प्राधिकरणले सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तह समेतको सहभागिता र विकास साझेदारको आवश्यक सहयोगमा अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने छ।

७.४. माथि बुँदा नं. ७.३. मा उल्लेखित तवरले भए गरिएका अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त सूचना वा निश्कर्षको बेहोरा प्राधिकरणले कार्यकारी समितिमा पेश गर्नेछ।

७.५. प्राधिकरणले पूर्वानुमानमा आधारित पूर्वकार्यका लागि जारी गरिएको पूर्वसूचना र पूर्वकार्यको प्रभावका सम्बन्धमा प्राज्ञीक निकाय, व्यावसायिक, संस्था वा प्रतिष्ठान वा संघ, महासंघ, मानवीयक्षेत्रमा क्रियाशील संघ संस्था र निकाय एवं स्वयंसेवक समेतको पृष्ठपोषण लिन सक्नेछ।

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

प्रमाणित प्रतिलिपि

## ८. कार्यढाँचा कार्यान्वयनको मार्गचित्र

८.१. पूर्वानुमानमा आधारित पूर्वकार्य राष्ट्रिय कार्यढाँचा कार्यान्वयनको लागि देहाय बमोजिमका क्रियाकलाप, जिम्मेवार निकाय, सहयोगी निकाय, साधन स्रोत, समयावधि, संभावित जोखिम र जोखिम न्यूनीकरणका उपाय सहितको मार्गचित्रको कार्यान्वयन गरिनेछ।

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | साधन स्रोत | समयावधि | जोखिम | जोखिम न्यूनीकरणका उपाय |
|---|---|---|---|---|---|---|---|
| | **नीतिगत सुधार** | | | | | | |
| ८.१. | ८.१.१.अतिभारी वर्षा, अत्यधिक गर्मी, सुक्खा, खडेरी, तातो हावाको लहर, शीतलहर, हिमपातको चिसोको कारण उत्पन्न संकटासन्न स्थितिबाट बचाउका लागि जोखिमको विश्लेषण, पूर्वसूचना प्रणालीमा सुधार, अग्रिम कार्य सञ्चालनका आधार र प्रक्रियाको निर्माण गर्नुका साथै संकटासन्न स्थानमा बसेका समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न यथोचित कानूनी प्रावधानको तर्जुमा गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | कार्यकारी समिति, गृह मन्त्रालय, विषयगत मन्त्रालय, नेपाल सरकार (मन्त्रिपरिषद्) | आन्तरिक स्रोत, आवश्यकता अनुसार विकास साझेदारको सहयोग लिन सकिने। | एकवर्ष | प्राथमिकता | प्राधिकरणले वार्षिक कार्ययोजना बनाउँदा प्राथमिकीकरणको अग्र स्थानमा राख्ने। |
| | ८.१.२. बाढी, पहिरो, डुबान, शीतलहर, अत्यधिक गर्मी, तातो हावाको लहरको कारण कृषिबाली, पशुपन्छी, उद्यम व्यवसाय, औजार | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा | कार्यकारी समिति, गृह मन्त्रालय, विषयगत मन्त्रालय | आन्तरिक स्रोत, आवश्यकता अनुसार विकास | एकवर्ष | प्राथमिकता | प्राधिकरणले वार्षिक कार्ययोजना बनाउँदा प्राथमिकीकरणको |

प्रमाणित प्रतिलिपि

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | उपकरण, संरचनामा हुनसक्ने हानी नोक्सानीलाई कम गर्न, खाद्यान्न, बसोबास, चिसो-न्यानो कपडा, अत्यावश्यक औषधि, संरक्षण कीट लगायतका सामग्री र सेवा सुविधा उपलब्ध गराउनका लागि स्पष्ट प्रावधान सहितको कार्यविधि तर्जुमा गर्ने। | व्यवस्थापन प्राधिकरण | | साझेदारको सहयोग लिन सकिने। | | | अग्र स्थानमा राख्ने। |
| | **संस्थागत सुधार** | | | | | | |
| ८.२ | ८.२.१. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा जोखिमको लेखाजोखा गर्नसक्ने सरकारी निकाय र गैरसरकारी क्षेत्रको जनशक्तिलाई काजमा बोलाएर काममा लगाउने, पूर्वानुमानमा आधारित पूर्वकार्य सञ्चालनका लागि राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रमा चौबिसैघण्टा र सातैदिन खटिने जनशक्तिको व्यवस्था गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | कार्यकारी समिति, गृह मन्त्रालय, विषयगत मन्त्रालय, विषयगतक्षेत्र | आन्तरिक स्रोत | एकवर्ष | प्राथमिकता | प्राधिकरणले वार्षिक कार्ययोजना बनाउँदा प्राथमिकरणको अग्र स्थानमा राख्ने। |
| | ८.२.२. पूर्वानुमानमा आधारित पूर्वकार्य सञ्चालनका लागि खटिने विषयगत निकायले तत्काल खटेर स्थितिको लेखाजोखासहित प्राधिकरणमा | विषयगत निकाय | विषयगत मन्त्रालय, कार्यकारी समिति, विषयगतक्षेत्र | आन्तरिक स्रोत | एकवर्ष | प्राथमिकता | प्राधिकरणले वार्षिक कार्ययोजना बनाउँदा प्राथमिकीकरणको |

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं



प्रमाणित प्रतिलिपि

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सूचना पठाउनुपर्ने जनशक्तिको व्यवस्था गर्ने। | | | | | | अग्र स्थानमा राख्ने। |
| ८.३ | **कार्यगत सुधार** | | | | | | |
| | ८.३.१. पूर्वानुमानमा आधारित पूर्वकार्य सञ्चालनका लागि लेखाजोखा र विश्लेषण गरी आवश्यक निर्णय निर्माणका लागि कार्यकारी समितिमा विषयवस्तुको प्रस्तुति गर्नसक्ने जनशक्ति, साधनस्रोत, अधिकार र जिम्मेवारी तोक्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | मानवीयक्षेत्रमा क्रियाशील संघ संस्था र निकाय, उद्योग, व्यवसाय, प्रतिष्ठान, प्राज्ञीक निकाय | आन्तरिक स्रोत। आवश्यकता अनुसार विकास साझेदारको सहयोग लिन सकिने। | निरन्तर | सरकारको प्राथमिकता र विकास साझेदारको प्रतिबद्धता | प्राधिकरणले आफ्नो कार्ययोजना बनाउँदा प्राथमिकीकरणको अग्र स्थानमा राख्ने। विकास साझेदारको सहयोग परिचालन गर्ने। |
| | ८.३.२. पूर्वानुमानमा आधारित पूर्वकार्य सञ्चालनका लागि खटिने विषयगत निकाय, मानवीयक्षेत्रमा क्रियाशील संघ संस्था र निकाय, उद्योग, व्यवसाय, प्रतिष्ठान, प्राज्ञीक निकाय, स्वयंसेवक समेतको राय परामर्श लिने र संभावित जोखिमको स्थितिको लेखाजोखा गरी निर्णय निर्माण गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण। विषयगत निकाय। | मानवीयक्षेत्रमा क्रियाशील संघ संस्था र निकाय, उद्योग, व्यवसाय, प्रतिष्ठान, प्राज्ञीक निकाय | आन्तरिक स्रोत। आवश्यकता अनुसार विकास साझेदारको सहयोग लिन सकिने। | निरन्तर | सरकारको प्राथमिकता र विकास साझेदारको प्रतिवद्धता | प्राधिकरणले आफ्नो कार्ययोजना बनाउँदा प्राथमिकीकरणको अग्र स्थानमा राख्ने। |



प्रमाणित प्रतिलिपि

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | विकास साझेदारको सहयोग परिचालन गर्ने। |
| | ८.३.३. बाढी, पहिरो, डुबान, शीतलहर, हिमपात, अत्यधिक गर्मी, तातो हावाको लहरको कारण कृषिबाली, पशुपन्छी, उद्यम व्यवसाय, औजार उपकरण, संरचनामा हुनसक्ने हानी नोक्सानीलाई कम गर्न, खाद्यान्न, बसोबास, त्रिसो-न्यानो कपडा, अत्यावश्यक औषधि, संरक्षण कीट लगायतका सहायता उपलब्ध गराउने। | स्थानीय तह, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण संघ र प्रदेश सरकारका विषयगत निकाय । | मानवीयक्षेत्रमा क्रियाशील संघ संस्था र निकाय, उद्योग, व्यवसाय, प्रतिष्ठान, प्राज्ञीक निकाय | आन्तरिक स्रोत। आवश्यकता अनुसार विकास साझेदारको सहयोग लिन सकिने। | निरन्तर | सरकारको प्राथमिकता र विकास साझेदारको प्रतिवद्धता | संघ, प्रदेश र स्थानीय तहले आफ्नो कार्ययोजना बनाउँदा प्राथमिकीकरणको अग्र स्थानमा राखे। विकास साझेदारको सहयोग परिचालन गर्ने। |
| | **स्रोत साधनको व्यवस्थापन** | | | | | | |
| ८.४ | ८.४.१. पूर्वानुमानमा आधारित पूर्वकार्य सञ्चालनका लागि अग्रीम योजना, बन्दोबस्ति र कार्यसञ्चालनको समयमा चाहिने प्रशासनिक र वित्तीय विशेष व्यवस्थाका लागि विनियोजित बजेट वा कोषको प्रबन्ध गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | कार्यकारी समिति, गृह मन्त्रालय, अर्थ मन्त्रालय | आन्तरिक स्रोत। आवश्यकता अनुसार विकास साझेदारको | निरन्तर | विपद् व्यवस्थापन बजेट कोड नहुनु। | विपद् व्यवस्थापन बजेट कोडको प्रावधान थप गर्नका लागि |



नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

प्रमाणित प्रतिलिपि

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | विषयगत निकाय | | सहयोग लिन सकिने। | | | प्राधिकरणले पहल गर्ने। |
| | ८.४.२. पूर्वानुमानमा आधारित पूर्वकार्य सञ्चालनका लागि खटिने विषयगत निकाय, मानवीयक्षेत्रमा क्रियाशील संघ संस्था र निकाय, उद्योग, व्यवसाय, प्रतिष्ठान, प्राज्ञीक निकाय, स्वयंसेवक समेतले विनियोजन गरेको स्रोत साधनलाई प्रभावकारी रूपमा परिचालन गर्ने गराउने। | विषयगत निकाय | कार्यकारी समिति, विषयगत मन्त्रालय मानवीयक्षेत्रमा क्रियाशील संघ संस्था र निकाय | आवश्यकता अनुसार विकास साझेदारको सहयोग लिन सकिने। | निरन्तर | आफूखुशी खर्च हुनसक्ने। | प्राधिकरणको स्वीकृति बेगर खर्च गर्न नपाइने व्यवस्था गर्ने। |
| | **अनुगमन र मूल्याङ्कन** | | | | | | |
| ८.५ | ८.५.१.पूर्वानुमानमा आधारित पूर्वकार्यको कार्यसञ्चालनका क्रममा अनुगमन गर्न, कार्यसञ्चालनको चरण पुरा भएको एक महिनाभित्र मूल्याङ्कन गर्न र सिकाइको अभिलेखलाई नियमित रूपमा अद्यावधिक गर्नका लागि प्राधिकरणले यस सम्बन्धी काम हेर्ने शाखा र महाशाखालाई अधिकार र जिम्मेवारी तोक्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, विषयगत निकाय | कार्यकारी समिति विषयगत मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह, मानवीयक्षेत्रमा क्रियाशील संघ संस्था र निकाय | आन्तरिक स्रोत। आवश्यकता अनुसार विकास साझेदारको सहयोग लिन सकिने। | निरन्तर | प्राथमिकता | प्राधिकरणले आफ्नो कार्ययोजना बनाउँदा प्राथमिकीकरणको अग्र स्थानमा राख्ने। विकास साझेदारको सहयोग परिचालन गर्ने। |
| ८.६ | **संशोधन परिमार्जन** | | | | | | |

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

प्रमाणित प्रतिलिपि

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ८.६.१.पूर्वानुमानमा आधारित पूर्वकार्य सञ्चालनको आवधिक मूल्याङ्कन गर्ने, सिकाइ ग्रहण गर्ने र नीतिगत प्रावधानको बदलिंदो परिवेशलाई आत्मसात गरी कार्यढाँचाको संशोधन र परिमार्जन गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | कार्यकारी समिति, विषयगत मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह मानवीयक्षेत्रमा क्रियाशील संघ संस्था र निकाय | आन्तरिक स्रोत। आवश्यकता अनुसार विकास साझेदारको सहयोग लिन सकिने। | आवश्यकता अनुसार | प्राथमिकता | प्राधिकरणले आफ्नो कार्ययोजना बनाउँदा प्राथमिकीकरणको अग्र स्थानमा राख्ने। विकास साझेदारको सहयोग परिचालन गर्ने। |

प्रमाणित प्रतिलिपि

## ९. विविध

९.१. पूर्वानुमानमा आधारित पूर्वकार्य गर्नुपर्ने स्थान र उत्पन्न हुनसक्ने परिस्थितिको अग्रिम आकलन तथा विश्लेषण गरी संभावित जोखिमयुक्त स्थानका व्यक्तिको जीउधनको बीमा गर्न गराउनका लागि सम्बन्धित स्थानीय तहले प्रश्रय दिन सक्नेछ।

९.२. बाढी, पहिरो, डुवान, शीतलहर, भारी हिमपात, अत्यधिक गर्मी, तातो हावाको लहर (लू), सुक्खा र खडेरीका कारण हुनसक्ने भोकमरी, वन डढेलो र मानव बस्तिमा हुने आगलागी, महामारी, वायु प्रदूषणको कारण अति संकटासन्न अवस्थामा रहेकालाई अग्रिम राहतस्वरूप नगद सहायता प्रदान गर्दा सामाजिक सुरक्षा प्रणालीमा आवद्ध भएकाहरूको हकमा सोही प्रणाली अनुरूप र अरूको हकमा विद्यमान परिस्थिति अनुरूप नगद वा बैंक खाता मार्फत प्रदान गरिनेछ।

९.३. यो कार्यढाँचा प्रदेश सरकार र स्थानीय तहहरूको लागि मार्गदर्शनका रूपमा रहनेछ।

९.४. यो कार्यढाँचाको कार्यान्वयन गर्न, गराउनका लागि संघका विषयगत मन्त्रालय, विभाग र निकाय, प्रदेश सरकार र स्थानीय तहले आ-आफ्ना क्रियाकलापको कार्ययोजना तर्जुमा गर्न सक्नेछन्।

९.५. यो कार्यढाँचासँग सम्बन्धित सबै सहायक कागजातहरू (जस्तै: कार्ययोजना, मार्गचित्र, तालिम मोड्युल आदि), जुन पछि अनुसूची खण्डमा समावेश गरिनेछन्, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुखद्वारा अनुमोदित गरिनेछ।

९.६. यो पूर्वानुमानमा आधारित प्रतिकार्य कार्यढाँचा, २०८३ को प्रावधानमा कुनै संशोधन वा परिमार्जन गर्नुपर्ने भएमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिले संशोधन वा परिमार्जन गर्न सक्नेछ।